# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.नं ८५/०८२

## छाउपडी प्रथा अन्त्यका लागि ।

कैलाली कृष्णनगर नगरपालिका-१ निगालि गाउं निवासी बर्ष २८ कि कमला दमाइको मिति २०८२/०३/२८ गते रजस्वला भएर छाउगोठमा राति सुतेको समयमा बिषालु सर्पको डसाइबाट भएको दुखद मृत्यूको घटना प्रति यस संगठनको गम्भीर ध्यानाकृष्ट भएको छ।

हाम्रो समाजमा धर्मसंस्कृति, रितिरिवाज, , संस्कार र देउताको बहानामा महिलामाथि गरीने बिभेद, महिलाहरूलाइ सुत्केरी र मासिकश्राबको अवस्थामा गरीने भेदभाव, छुवाछुत र छाउपडि प्रथाले निम्ताउने अप्रिय घटना, दुर्घटनाले प्रत्यक बर्ष अकालमा ज्यान गुमाइरहनु परेको घटनाहरुले आधुनिक समाजमा हाम्रो अवस्था अत्यन्तै लज्जास्पद र दुखद हुनुकासाथै यस्तो विभेद जन्य कार्य प्रचलित कानूनले दण्डनिय अपराध भएपनि, कानुन कार्यन्वयन प्रभावकारी नहुंदा कुरितिहरूको अन्त्य हुन नसकेको यथार्थ हो ।

नेपाल महिलाअधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएको , अन्तराष्ट्रीय फोरमहरूमा नेपालले महिलाभएकै आधारमा हुने भेदभावको अन्त्यका लागि गरिआएका बाचा कबुलहरू तथा नेपालको संविधानमा महिला हकलाइ मौलिक हकको रूपमा अंगिकार गरेको यथार्थता यो संगठन सबैमा स्मरण गराउन चाहन्छ । छाउपडि कुप्रथा अपमानजनक, भेदभावपूर्ण, दण्डनिय अपराधको रुपमा प्रचलित कानुनले अंगिकार गरेतापनि दोषिलाइ प्रभावकरी रूपमा दण्डित नगरीदा सचेतनाकालागि राज्यबाट भएको लगानि समेत बेकार भएको प्रस्ट छ ।

देशभरका महिलामाथि कुनैपनि बहानामा गरिने छुवाछुत बिभेद तथा छाउगोठमा बस्न बाध्य पार्ने दोषिहरू उपर प्रभावकारी कानुनि कार्वाहि गर्न र कमला दमाइ घटनामा सम्लग्न दोषिलाइ तत्काल कानुनी दायरामा ल्याउन र छाउपडीप्रथा अन्त्य गर्नका लागि कठोर कदम चाल्न यो संगठन नेपाल सरकार लगायत सम्पूर्ण सरोकारवाला निकायहरूसंग हार्दिक अपिल गर्दछ ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
सम्पर्क: ९८५१०५८३६८